# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

## *Serving the Nation*
## *and*
## *the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७
च.नं : ७७७

श्री पाँचखाल नगरपालिका,
काभ्रेपलाञ्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बाग्मती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: ०७६।७७ च.नं.९४१ मिति: २०७७/०३/२५

श्री प्रमुखज्यू,
पाँचखाल नगरपालिका,
काभ्रेपलाञ्चोक ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय :** हामीले पाँचखाल नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.३ करोड ५१ लाख २३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २ करोड १ लाख ४८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२८ लाख २६ हजार नियमित गर्नुपर्ने रु.१ करोड १८ लाख ९९ हजार पेश्की बाँकी रु.२ लाख ५० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७६।९।२८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १८ (अठार) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँ प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय :** नेपालको संविधानमा राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने उल्लेख भएको तथा स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्नु, स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्य सहित २०७३ फाल्गुण २७, २०७४ जेठ ११ र जेठ १८ को नेपाल राजपत्रको सूचना अनुसार स्थापना भएको यो नगर कार्यपालिका प्रदेश नम्बर ३ काभ्रेपलाञ्चोक जिल्लाको पाँचखालमा रहेको छ । | |
| १. | **स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको २०७५।७६ को सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ : | |

| सि. नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १. | गत वर्षको जिम्मेवारी | | ८८९०६११३.०२ | १. | चालु खर्च | | २७१८३८१३९.६ |
| | क) बैंक | ८८९०६११३.०२ | | २. | पूँजीगत खर्च | | २६६५९८३७६.६ |
| | राजस्व (आन्तरिक आय) | | १५१६८५९०६.०१ | ३. | सामाजिक सुरक्षा | | ६०५८५४०० |
| २. | क) आन्तरिक राजस्व | २९६९४९०७.९२ | | ४. | कोलेनिका फिर्ता | | ३९०१५४८४.५८ |
| | ख) राजस्व बाँडफाँड संघ | ६०९०५९१४.६ | | ५. | प्रदेश फिर्ता | | ४२६१३००.९७ |
| | ग) राजस्व बाँडफाँड प्रदेश | ५४०८७०८३.४९ | | ६. | सडक बोर्ड फिर्ता | | २२६९१९.७३ |
| | घ) अन्य आय | ६९९८००० | | ७. | वातावरण विभाग | | १९२००० |
| | वित्तीय हस्तान्तरण | | ३१८७९४००० | ८. | बेरुजु दाखिला | | ३०४९४१०.५४ |
| ३. | क) वित्तीय समानीकरण अनुदान | ११९५००००० | | ९. | राजस्व बाँडफाँड फिर्ता | | २६२९००० |
| | ख) सशर्त अनुदान | १९०८९४००० | | १०. | अन्य खर्च | | ३५७५० |
| | ग) समपूरक अनुदान | ८४००००० | | ११. | सडक उपयोग शुल्क फिर्ता | | ४०८३६७ |
| | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २७१२९००० | १२. | धरौटी फिर्ता | | ३७९०५२०.६६ |
| | क)वित्तीय समानीकरण अनुदान | ८२०८००० | | १३. | कल्याण कोष खर्च | | ५७२००० |
| ४. | ख) सशर्त अनुदान | १८९२१००० | | १४. | मौज्दात | | ४५५३७६७०.९४ |
| | सामाजिक सुरक्षा कार्यक्रम | | ६३५९५००० | १५. | क) बैंक मौज्दात | ४०१३५२७०.२ | |
| | प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम | | ३०५००० | | ख) कर्मचारी कल्याण कोष | २४१२७४६ | |
| | सडक बोर्ड | | ५८६५४९६ | | ग) धरौटी मौज्दात | २९८९६५४.७४ | |
| | गरिब सँग विश्वेश्वर | | ५३९४००० | | | | |
| ५. | स्थानीय वातावरणमैत्री शासन | | १४००००० | | | | |
| ६. | जलढुंगे कल्भर्ट | | ४२००००० | | | | |
| ७. | स्थानीय पुर्वाधार तथा साझेदारी कार्यक्रम | | ९०००००० | | | | |
| ८. | सहकारी बजार विकास कार्यक्रम | | २००००० | | | | |
| ९. | प्रधानमन्त्री रोजगार कार्यक्रम | | ३७३०००० | | | | |
| १०. | एम्बुलेन्स तथा शव बाहन खरिद | | ३१००००० | | | | |
| ११. | कन्टिन्जेन्सी आय | | ६९३७७८७.१५ | | | | |
| १२. | वातावरण विभाग | | १९२००० | | | | |
| १३. | धरौटी आय | | ४५१७८५९ | | | | |
| १४. | कर्मचारी कल्याण कोष | | २२०९३०६ | | | | |
| १५. | अन्य विविध आय | | १५७८८७३.२२ | | | | |
| | जम्मा | | ६९८७४०३४०.४ | | जम्मा | | ६९८७४०३४०.४४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **लेखापरीक्षणको क्रममा असुली :** लेखापरीक्षणको क्रममा रु.३३,०६८।- असुली भई राजस्व खातामा दाखिला भएको छ । | |
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । ऐनको व्यवस्था बमोजिम अख्तियारी दिई बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३. | **बजेट पेश तथा पारित गर्ने :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढभित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको सभाले २०७५ असार १७ गते रु.५७ करोड ९८ लाख २१ हजार बजेट, नीति तथा कार्यक्रम पारित गरेको छ । स्थानीय तह सञ्चालन ऐन, २०७४ बमोजिम योजना तथा कार्यक्रमगत रुपमा नै सभामा छलफल गरी बजेट तथा कार्यक्रम पारित गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ४. | **संगठन तथा जनशक्ति :** नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार ५४ कर्मचारीको दरबन्दी रहेकोमा २४ जना मात्र पदपूर्ति भएको पाइयो । दरबन्दी अनुसार पदपूर्ति नभएकोले सेवा प्रवाहमा असर गरेको अवस्था देखिन्छ । तसर्थ पदपूर्तितर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ५. | **कानून निर्माण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले कानून निर्माण गरी कार्यान्वयन गर्नुपर्ने तथा न्यायीक कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निर्माण गरेका कानूनको विवरण तथा न्यायीक कार्य फछ्र्यौट सम्बन्धी विवरण पेश नभएकोले विश्लेषण गर्न सकिएन । | |
| ६. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसबाट कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति छ । आन्तरीक नियन्त्रण सम्बन्धी अन्य व्यहोराहरु देहायबमोजिम उल्लेख छ :<br>• प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको । (निजामती सेवा ऐन, २०४९ को दफा ५)<br>• उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान, निराकरण नगरेको ( आर्थिक कायविधि नियमावली, २०६४ को नियम ९५)<br>• भुक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको (आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५)<br>• मर्मत अभिलेखको लागि म.ले.प.फा.नं.२ राख्ने नगरेको,<br>• जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम मर्मत तथा लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा सोको कार्यान्वयन नभएको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०.३),<br>• प्राविधिक जाँचपास, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातहरुमा स्वीकृत मितिहरु उल्लेख गर्ने नगरेको,<br>• कन्टेन्जेन्सी बापत रकम कट्टी गर्दा अधिकतम अर्थात ५ प्रतिशत सबै योजनाको कट्टी गर्ने गरेको,<br>• खर्चका बिल भर्पाईहरुको तेरीज बनाउने नगरेको,<br>• कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोबार प्रतिवेदन तयार नगरेको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०.१ अनुसुची १४), | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | ● केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको,<br>● रु.२० हजार रुपैयाँभन्दा बढी मूल्यका, मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद खरीद गर्नुपर्नेमा नगरेको । (सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९)<br>● भ्रमण अभिलेख खाता नराखेको (भ्रमण खर्च नियमावली, २०६४ को दफा २१)<br>● भ्रमणमा खटिने कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिने नगरेको,<br>● कन्टिन्जेन्सी खाता अद्यावधिक गरी राख्ने नगरेको,<br>● यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको,<br>● पेश्की माथि पेश्की दिने गरेको,<br>● सामान खरिद गर्दा तयार गरिने लागत अनुमानको आधार संलग्न गर्ने नगरेको,<br>● नागरिकता, घरबाटो, नाता प्रमाणित, पञ्जीकरण दर्ताको सिफारिसको लगत अद्यावधिक नगरेको ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यस नगरपालिका अर्न्तगत गाभिएका साविक गाउँविकास समितिहरुको हस्तान्तरण हुनुपर्ने सम्पूर्ण सम्पत्तिको अभिलेख जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।<br>● मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको बेरुजूको अभिलेख व्यवस्थित गरेको देखिएन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा नगरपालिका प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराई सवै नगरलिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त विद्युतीय लेखा सञ्चालन गरेको छैन । ऐनको व्यवस्था बमोजिम विद्युतीय लेखा उपयोगमा ल्याउनुपर्दछ ।<br>● स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले तलबी प्रतिबेदन पारित गरेको छैन । तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।<br>● अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले मध्यकालीन खर्च संरचना तयार गरेको देखिएन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० मा सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कानूनी व्यवस्था अनुसार सम्पत्ति विवरण पेश गरेको देखिएन ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शीता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | |
| ६.१. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानूनबमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको संगठनात्मक तालिकामा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था भई पाँचौं तहका १ लेखापरीक्षकको दरबन्दी भए तापनि पदपूर्ति भएको छैन । आन्तरिक लेखापरीक्षण शाखामा पदपूर्ति नभएको अवस्थामा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय वा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय वा स्थानीय तहले नियुक्त गरेको लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराउनु पर्नेमा यस बर्ष कार्यालयले आन्तरिक लेखापरीक्षण गराएको छैन । | |
| ७. | **योजना छनौट र सञ्चालन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका योजनाहरुको नमूना छनौट गरी परिक्षण गर्दा १० वटा योजना रु.५० हजारसम्मका, ४३ वटा योजना ५० हजार देखि १ लाखसम्मका, १३६ योजनाहरु १ लाखदेखि ३ लाखसम्मका र १३८ वटा योजना ३ लाख भन्दा माथिका रहेको देखियो । तसर्थ नगरपालिकाले छनौट गरेको योजनामध्ये अधिकाश योजना कम लागतका रहेको देखिएको छ । नगरपालिकाले साना तथा टुक्रे योजना सञ्चालन गरेको र मध्यम तथा दीर्घकालीन योजना न्यून रुपमा छनौट गरेकोले ऐनको दफा २४ अनुसार प्राथमिकीकरण गरेको पाइएन । नगरपालिकाले मध्यम तथा दीर्घकालीन योजना छनौट तथा प्राथमिकीकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनुपर्दछ । | |
| ७.१. | **सम्भाव्यतता अध्ययन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैयाभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सञ्चालित अधिकाश योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सर्वेक्षण र सम्भाव्यता अध्ययनको अभावमा कार्यस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कार्यको परिमाण अनिश्चित हुन सक्ने हुँदा सम्भाव्यता अध्ययन गरेर मात्र योजना सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७.२. | **लक्ष्य प्रगति :** नगरपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान, आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण प्राप्त नभएकोले योजनाको प्रगति सम्बन्धमा विश्लेषण गर्न सकिएन । अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, संचालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको रकम सम्बन्धी विवरण अद्यावधिक राखी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनुपर्दछ ।

७.३. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २४ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ६ प्रतिशत, दोस्रो चौमासिकमा १२ प्रतिशत र तेस्रो चौमासिकमा ८२ प्रतिशत खर्च गरेको देखिएको छ । कार्यको गुणस्तर र अनुगमनमा सहजता ल्याउन चौमासिक लक्ष्य तथा कार्य विभाजन अनुरुप खर्च व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

| क.स. | बजेट उपशिर्षक | कुल खर्च (रकम रु हजारमा) | चौमासिक खर्च .(रकम रु हजारमा ) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | पूँजीगत | २६६५९८ | १५६०८ | ३२६३५ | २१८३५४ | - |
| | प्रतिशत | | ६ | १२ | ८२ | - |

७.४. **नापी किताब, ठेक्का बिल :** विभिन्न योजनाको रनिङ्ग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्बन्धी बिल, कार्यसम्पन्न प्रतिवेदनमा ठेक्का नं., सम्झौता नम्बर कार्य सम्पन्न हुनुपर्ने मिति, बिलको क्रमसंख्या कार्यसम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्बन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्बन्धी बिल, कार्यसम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुँदा नापी किताब, ठेक्का सम्बन्धी बिल तथा कार्यसम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ ।

७.५. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची-१ अनुसार कन्टिनजेन्सी खर्चको व्यवस्था गरेको छ । कन्टिन्जेन्सी खर्चमध्ये २% वर्कचार्ट स्टाफ खर्च र २% साना तथा अन्य खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कन्टिन्जेन्सी खर्चबाट योजना नै सञ्चालन गरेको जनाएको छ । कन्टेन्जेन्सी खर्चको योजनागत अभिलेख राखी खर्च गर्न पाउने हद समेत खुलाई सम्बन्धित कार्यमा यस्तो खर्च गर्नुपर्ने देखिन्छ ।

८. **लागत अनुमान/खरिद योजना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक स्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कार्यालयमा कार्यालय सामान तथा सेवाहरुमा वार्षिक रु.७ लाख तथा कार्यालय सञ्चालन खर्चतर्फ रु.१४ लाख बजेट रहेकोमा समेत उक्त व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन । खरिद योजना वेगर पटक पटक खरिद गर्ने गरेको देखियो ।

९. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ तथा नियमावली, २०६४ को नियम १० अनुसार नर्म्सको आधारमा दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्नेमा कार्यालयले मेशिनद्वारा माटो काट्ने कार्यको लागत अनुमान तयार गर्दा सो नगरी जिल्लादर रेटमा तोकिएको दर प्रयोग गरेको छ । मेशिनद्वारा नर्म्सको प्रयोग गरी आउने दर संलग्न नरहेकोले तुलना गर्न सकिएन । तसर्थ दररेट सम्बन्धमा विश्लेषण गरी लागतमा मितव्ययीता ल्याउनेतर्फ ध्यान दिनुपर्दछ ।

१०. **खर्चको मापदण्ड :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीयता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने भन्ने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालय खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधिको दफा ७.१.१ मा बैठक भत्ता सम्बन्धमा एकै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने भनी उल्लेख गरेको छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष विविधमा नगरपालिकातर्फ रु.९ लाख ७१ हजार र वडा कार्यालयतर्फ रु.२३ लाख ४० हजार समेत रु.३३ लाख ११ हजार, सभा सञ्चालनमा रु.७ लाख विविध कार्यक्रम खर्चमा रु.४ लाख

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तालिम कार्यक्रम खर्चमा रु.९ लाख र स्थापना दिवसमा रु.३ लाख विनियोजन गरेको देखियो । यस सम्बन्धी व्यहोरा निम्न अनुसार छन : | |
| १०.१. | अर्थ मन्त्रालय खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधिको दफा ७.१.१ मा बैठक भत्ता सम्बन्धमा एकै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने भनी उल्लेख गरेको मा कार्यालयका कर्मचारी मात्र संलग्न भई विभिन्न मिति र समयमा भएको बैठकको भत्ता प्रदान गरेको रु. --- | ३०३२२५ |

| भौ.नं.मिति | बैठकको प्रयोजन | कर्मचारी संख्या | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १३/०७५/६/११ | सुनकोशीको बलुवा बिक्री ठेक्का | १४ | १५०० | २१००० | |
| २०/०७५/६/२० | खरिद इकाई पदाधिकारी बैठक | ५ | १५०० | १५००० | |
| ३१/०७५/६/२४ | वडा कार्यालय निर्माण ठेक्का | ११ | १५०० | १६५०० | |
| ९४/०७५/९/५ | सडकको सर्भे तथा डिजाइन प्रस्ताव | ७ | १५०० | ३६२२५ | |
| २१८/०७६/३/२५ | चिसापानी सडकको प्रस्ताव खोल्न | ६ | १५०० | ९००० | |
| १०/०७५/६/४ | सडक, विज्ञापन र कर शुल्क ठेक्का | १५ | १५०० | २२५०० | |
| १७५/०७६/२/२८ | कर व्यवस्थापन समिति बैठक | १६ | - | ८१००० | |
| २५२/०७६/३/३१ | विभिन्न समितिको ठेक्का मूल्याँकन बैठक | ११ | - | ८८५०० | |
| ८२/०७५/८/२५ | सोलार जडान ठेक्का बापत भत्ता | ९ | १५०० | १३५०० | |
| | | | जम्मा | ३०३२२५ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०.२. | विभिन्न समितिको बैठकमा समिति सदस्य संख्या भन्दा बढीलाई बैठक भत्ता भुक्तानी भएको विवरण निम्नानुसार रहेकोले कार्यविधि तय गरी खर्चमा मितव्ययीता नल्याएको रु. -- | २२३००० |

| भौ.नं.मिति | समितिको नाम | संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|
| २६/०७५/६/२३ | न्यायिक समित बैठक | ६ जना ७ बैठक | १५०० | ४२००० |
| ९८/०७५/९/१९ | कर व्यवस्थापन समिति बैठक | १० जना ५ बैठक | १५०० | ५२५०० |
| २५९/०७६/३/३१ | सम्पत्ती कर व्यवस्थापन समिति बैठक | १२ जना ३ बैठक | १५०० | ४२००० |
| २६१/०७६/२/३१ | लेखा समिति न्यायिक समिति | | १५०० | ४६००० |
| १४१/०७५/११/३० | कर व्यवस्थापन समिति बैठक | ११ जना २ बैठक | १५०० | ४०५०० |
| | | जम्मा | | २२३००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ११. | **उपभोक्ता समितिको कार्यमा मू.अ.कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको भुक्तानी दिँदा मूल्य अभिवृद्धि कर कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले मेशिनद्वारा काम गर्ने गरी लागत अनुमान तयार गरी माटो काट्ने काममा समेत उपभोक्तालाई मूल्य अभिवृद्धि कर समेतको रकम भुक्तानी दिएको छ । | |
| १२. | **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा सार्वजनिक निकायले आफ्नो जनशक्तिले नभ्याउने काम मात्र परामर्श सेवा लिन सकिने व्यवस्था गरेको छ । नगरपालिकाले देहायअनुसार योजनाको सम्भाव्यता अध्ययन लगायतका कार्यका लागि परामर्श सेवा लिएको देखिन्छ । नियमावलीको नियम ७ मा खरिदको गुरुयोजना र नियम ८ मा बार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने व्यवस्थाहरु उल्लेख रहेका छन् । कार्यालयले निम्न कार्यमा एकमुष्ट लागत अनुमान तयार गरी सिलवन्दी बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराएर कार्य गराउनु पर्नेमा सो बमोजिम नगरी प्रत्येक योजनाको योजनागत छुट्टाछुट्टै लागत अनुमान स्वीकृत गरेर सोझै दररेट लिई कार्य गराएको नियमित र मितव्ययी नदेखिएको रु. --- | ५६०५००५ |

| सि.नं. | कामको विस्तृत विवरण योजना | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|
| १. | चाखोला लिफ्ट बाटर सप्लाई प्रोजेक्ट | ४००००० | ३९९६०८ |
| २. | राजकुलो अपग्रेड प्रोजेक्ट | ३००००० | २९९९४० |
| ३. | झिगानपुर पिपलटार बाटर सप्लाई | १५०००० | १२५००० |
| ४. | पाँचखाल न.पा फोहोरमैला व्यवस्थापन | ७००००० | ६९५८८२ |
| ५. | नयाँ बाटो चिसापानी सडक | ४००००० | ३५०८६५ |
| ६. | नगरपालिका भवन खर्च चौर सडक | ३००००० | २६०००० |
| ७. | रङ्गशाला | २०००००० | १८०९२२० |
| ८. | झिगुखोला डाईभर्सन र राजकुलो स्तरोन्नती | | ४९४९४० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ९. | चकचके दारेडिही, हागेठाटी, माफडिही सडकको डि.पि.आर | | ६४९७५० |
| १०. | ओजेटार चालिसे, कर्केटार, खाखेसी ठकुरी गाउँ हुँदै कचाकोट सडक डि.पि.आर | | ५१९८०० |
| | | जम्मा | ५६०५००५ |

१३. **आन्तरीक आय** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ मा कानूनबमोजिम बाहेक नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था रहेको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २(३) संग सम्बन्धित अनुसूची-३ मा स्थानीय तहले लगाउन सक्ने कर र गैर करको व्यवस्था गरेको छ । जस अनुसार करतर्फ सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमीकर (मालपोत), विज्ञापन कर, मनोरन्जन कर, व्यवसाय कर समेत ८ प्रकारका कर र गैर करतर्फ सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना समेत ३ प्रकारका गैरकर लगाउन सक्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार यस वर्ष निम्नानुसार रु.३ करोड ६२ लाख २५ हजार असुली भएको छ ।

| सि.नं. | करका क्षेत्र | असुली |
|---|---|---|
| १. | विज्ञापन कर | १०२००० |
| २. | गिट्टी बालुवा संकलन | ६४७०५०० |
| ३. | अन्य आय | २९६५२९०७ |
| | जम्मा | ३६२२५४०७ |

नगरपालिकाले यस वर्ष रु.४,७७,१०,०००।- आन्तरिक राजस्व असुल गर्ने अनुमान गरेकोमा अनुमानको ७६ प्रतिशत प्राप्त भएको देखिन्छ । नगरपालिकाले आफ्नो आयको सम्भावित सबै स्रोतको सम्भावित परिमाण, संख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन गरेको छैन । कर बुझाउन आउनेसँग मात्र असुली गरेको छ । के कति असुल हुन सक्ने अवस्थामा छ भनी वस्तुपरक रुपमा अभिलेख व्यवस्थित गरेको छैन । आन्तरिक आयको सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन् :

१३.१. **गिट्टी वालुवा ठेक्का व्यवस्थापन** : सुनकोशी किनार पाँचखाल नगरपालिका वडा नं.१३ को वरको रुखबाट तल २५,२२,५२० घ.फिट (वार्षिक) ढुङ्गा, गिट्टी, वालुवा बिक्री एवं निकासीको लागि रु.२,२७,०२,६८०।- (मू.अ.कर बाहेक) न्यूनतम अङ्क कायम गरी ठेक्का व्यवस्था गर्न २०७५।५।१२ मा ठेक्का आह्वान भएकोमा दाखिला भएका ३ बोलपत्रमध्ये सबैभन्दा बढी कबोल गर्ने सर्वउद्धार निर्माण सेवाको मू.अ.कर सहितको रु.२,५८,८०,९५५।- स्वीकृत गरी २०७५।६।२४ मा सम्झौता भएको देखिन्छ । सम्झौताको बखत निर्माण व्यवसायीले मू.अ.कर बाहेक रु.६४,७०,५००।- दाखिला गरेको छ । तत्पश्चात् निर्माण व्यवसायीले सम्झौता अनुसारको रकम दाखिला गरेको छैन । निर्माण व्यवसायीले सम्झौताका बखत पेश गरेको बैंक जमानतको प्रमाण पेश भएन । तथापी कार्यालयले २०७६।४।२८ मा कृषि विकास बैंकलाई रु.६४,७०,५००।- को र सेन्चुरी कमर्शियल बैंक लिमिटेडलाई रकम उल्लेख नगरी जमानतको म्याद थप गरिदिनुहुन पत्र लेखेकोमा कृषि विकास बैंकले जमानतको म्याद २०१९।६।२ अर्थात २०७६।२।१९ मा नै समाप्त भएको र निज निर्माण सेवाले म्याद थप नगर्ने जानकारी गराएको भन्ने व्यहोरा २०७६।५।१६ मा जानकारी गराएको पाइयो । सेन्चुरी कमर्शियल बैंकले दिएको जवाफ प्राप्त भएन । बैंक जमानतको म्याद थप नभएको एवं निर्माण व्यवसायीले रकम दाखिला समेत नगरेकोले श्री सर्वउद्धार निर्माण सेवा (मू.अ.कर ३०००६३७७८) बाट मू.अ.कर बापतको रु.२९,७७,४५५।- तथा सम्झौता अनुसारको बाँकी किस्ता रु.१,६४,३३,०००।- असुल गर्नुपर्ने रु. --- १९४१०४५५

१३.२. **विभाज्य कोष** : प्रदेश आर्थिक ऐन, २०७६ को दफा ९(५) मा प्रत्येक स्थानीय तहले ढुङ्गा, गिट्टी, बालुवा दहत्तर बहत्तर बापत प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा पठाउनुपर्ने व्यवस्था अनुसार नगरपालिकाले यस वर्ष ढुङ्गा, गिट्टी, बालुवातर्फ रु.६४,७०,५००।- र विज्ञापन कर रु.१,०२,०००।- गरी जम्मा रु.६५,७२,५००।- को ४० प्रतिशतले हुने रु.२६,२९,०००।- मिति २०७६/३/३१ मा प्रदेश कोलेनिका पठाएको छ ।

१३.३. **परामर्श समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजस्व सम्बन्धी

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । परामर्श समितिको कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । | |
| १३.४. | **व्यवसाय कर** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नवीकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाइएन । नगरपालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| १४. | **ठेक्का व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम ३ बमोजिम वार्षिक कार्यक्रम कार्यान्वयन तालिका बनाउनुपर्ने तथा कार्यान्वयन हुने योजनाको लागत अनुमान तयारी स्वीकृत, निर्माण कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनुपर्ने सहयोगको लागि व्यवस्थापन तथा बोलपत्र आह्वान र ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिकभित्र गरी सक्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न शीर्षकका ३ ठेक्का व्यवस्था गरी यस वर्ष कार्यान्वयन गरेकोमा प्रथम र दोस्रो चौमासिकमा कुनै पनि ठेक्का व्यवस्था नभएको तथा तेस्रो चौमासिकमा ३ ठेक्का व्यवस्था भएका छन । सोमध्ये यस वर्ष १ वटा ठेक्का सम्पन्न भएका छन् भने २ वटा ठेक्का चालु अवस्थामा नै रहेको छ । ढिलो ठेक्का व्यवस्था हुँदा समयमा नै सम्पन्न हुन नसकी लाभग्राही वर्ग प्राप्त हुने प्रतिफलबाट बञ्चित हुने अवस्था रहन्छ । अतः नियमावलीले तोकेको समयमा ठेक्का व्यवस्था तथा कार्यान्वयन गरी कार्यसम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्र. सं. | ठेक्का नं | ठेक्का सम्झौता (रकम रु. हजारमा) | | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | १/०७५/७६ | - | - | - | - | - | - | १ | ४५१० | - | - | १ | ४५१० |
| २ | २/०७५/७६ | - | - | - | - | - | - | १ | १२०३० | - | - | - | - |
| ३ | ३/०७५/७६ | - | - | - | - | - | - | १ | १२४५१ | - | - | - | - |
| | जम्मा | - | - | - | - | - | - | | २८९९१ | - | - | १ | ४५१० |

१५. **सेवा प्रवाह :** प्राप्त विवरण अनुसार नगरपालिकाले यस वर्ष स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्रवाह गरेको सेवाको स्थिती निम्नानुसार रहेको छ :

| सि.नं. | विवरण | आवेदन संख्या | फछ्र्यौट संख्या |
|---|---|---|---|
| १. | नागरिकतषा सिफारिस | १०११ | १०११ |
| २. | घरबाटो सिफारिस | ८२१ | ८२१ |
| ३. | नाता प्रमाणित | २५६ | २५६ |
| ४. | जन्म मृत्यु दर्ता | ३६३७ | ३६३७ |
| ५. | अन्य | २५०० | २५०० |
| | जम्मा | ८२२५ | ८२२५ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १५.१. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा नगरपालिकाबाट नक्शा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेको छ । कार्यालयमा यस वर्ष घरनक्सा पासको निवेदन ३१५४ परेकोमा अस्थायी नियुक्ती अनुमति २७९९ लिएकोमा गत विगतमा अनुमति लिएका ३६७ र यो वर्ष अनुमति लिएको ५८ गरी जम्मा ४२५ कार्यसम्पन्न गरेको छ । | |
| १६. | **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं.३ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । नगरपालिकाबाट देहायबमोजिम सुविधा बापत भुक्तानी भएको छ । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि. नं.</th><th>विवरण</th><th>प्रमुख</th><th>उपप्रमुख</th><th>वडाअध्यक्ष १३.जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य ४५ जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>मासिक सुविधा</td><td>३५०००</td><td>३००००</td><td>२१०००</td><td>७०००</td><td>६०००</td><td>७९६८०००</td></tr>
<tr><td>२</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>२०००</td><td>१५००</td><td>१०००</td><td></td><td></td><td>१९८०००</td></tr>
<tr><td>३</td><td>बैठक भत्ता (बैठक संख्याको आधारमा)</td><td></td><td></td><td></td><td></td><td></td><td>४००८३१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.१.</td><td>प्रदेश नं.३ को स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र सुशासन समितिका सदस्य बाहेक स्थानीय तहका अन्य पदाधीकारी तथा सदस्यले बैठक भत्ता पाउने व्यवस्था गरेको देखिदैन । तथापी नगरपालिकाले माथि उल्लेख भए अनुसार रु.४०,०८,३१०।- बैठक भत्ता भुक्तानी गरेको देखिएकोले कानून विपरीत सुविधा प्रदान गरेको रु. ---</td><td>४००८३१०</td></tr>
<tr><td>१६.२.</td><td>निजी सचिव/स्वकिय सचिव/सल्लाहकार : नगरपालिकाले स्वीकृत दरबन्दी बेगर कानूनी सल्लाहकार नियुक्ती गरी रु.३ लाख ९६ हजार ५०० खर्च लेखेको नियमसम्मत् नदेखिएको रु.</td><td>३९६५००</td></tr>
<tr><td>१७.</td><td>बिशेष भत्ता : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानूनबमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ । त्यस्तै दफा ८६ को उपदफा (५) मा स्थानीय तहले कानून बनाई थप सुविधा दिनसक्ने व्यवस्था छ । नगरपालिकाले कानून नै नबनाई नगरसभा प्रोत्साहन बापत ४२ जना कर्मचारीलाई १ महिनाको पारिश्रमिक बराबर रु.८,७३,६९०।- भुक्तानी गरेको छ । त्यस्तै १८ जना कर्मचारीहरुलाई प्रोत्साहन भत्ता भनी तलबको ३० प्रतिशतको दरले रु.५,२९,७७६/४० र ५३ जनालाई स्थानीय भत्ता भनी रु.५,०५,७५२।- भुक्तानी समेत जम्मा रु.१९,०९,२१८।४ भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td></td><td>शिक्षातर्फ</td><td></td></tr>
<tr><td>१८.</td><td>तलबी प्रतिवेदन : यस नगरपालिका अन्तर्गत ३९ वटा विद्यालय रहेका छन् । विद्यालयमा कार्यरत शिक्षकलाई तलब भत्ता भुक्तानी दिँदा शिक्षक किताब खानाबाट तलबी प्रतिवेदन पारित गराई तलब भत्ता निकासा दिनुपर्नेमा तलबी प्रतिवेदन पारित नगराई निकासा दिएको छ । साथै निकासा दिएको रकमको विद्यालयगत निकासा लेजर राख्नुपर्नेमा निकासा लेजर राखेको छैन । कार्यरत शिक्षकहरुले अवकास पाएको, राजिनामा दिएको र सरुवा भएको विवरण नगरपालिकाबाट प्राप्त नभएकोले निकासा भिडान गर्न सकिएीन साथै अवकास पश्चात् निकासा गए नगएको यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१९.</td><td>कार्य सम्पन्न र सिफारिस : सार्वजनिक खरिद नियमावली, २०६४ मा कार्यसम्पन्न प्रतिवेदन बनाउनुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समितिबाट निर्माण भएका कार्यहरुको समितिबाट खर्च अनुमोदन हुनुपर्ने एवं स्थानीय तहको वडाबाट समेत सिफारिस लिई काममा पारदर्शीता र विश्वसनियता अभिवृद्धि गर्नुपर्ने देखिएको रु. ---
<table>
<tr><th>भौ.नं.मिति</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>८/०७५/१२/२८</td><td>जोरपाटी मा.वि तिनपिप्ले</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>१८/०७६/३/२४</td><td>गणेश मा.वि भुमरकोट</td><td>४ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२४५००००</td></tr>
</table>
</td><td>२४५००००</td></tr>
<tr><td></td><td>वित्तीय समानिकीकरण चालु</td><td></td></tr>
<tr><td>२०.</td><td>विल भरपाई : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम अनुसार बिल भरपाई सहितको लेखा राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०.१.</td><td>लोक सेवा तयारी कक्षा : नगरपालिकाले कार्यक्रम बनाउँदा जनसरोकारका विषयलाई ध्यान दिई कार्यक्रम बनाई बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ । सीप विकास तथा जनचेतना तालिम बापत २० जना व्यक्तिलाई १४ दिन ना.सु स्तरको जाँचको लोक सेवा तयारी कक्षा १४ दिन सञ्चालन बापत एपेक्स एजुकेशन एकेडेमीलाई रु.४,५०,०००।- मा अग्रिम कर रु.५,९७४।- कट्टी गरी गो.भौ.नं.३२८।०७५।१०।२५ बाट रु.४,४४,०२६।- भुक्तानी दिएको छ । कति विद्यार्थीले छनौटका लागि निवेदन दिए र कसरी छनौट भए सोको मापदण्ड संलग्न छैन ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | साथै कक्षा लिने विद्यार्थीको दैनिक हाजिर सम्बन्धित संस्थाबाट प्रमाणित गराई संलग्न छैन र कुन कुन प्रशिक्षकले कुन दिन, कति समय के प्रशिक्षण विषयमा दिएको विवरण र कार्यपत्र समेत संलग्न छैन । | |
| | **आन्तरिक स्रोत चालु** | |
| २१. | **विल भर्पाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम अनुसार बिल भर्पाई सहितको लेखा राख्नुपर्दछ । नगरपालिकाको आवधिक योजना तयार गर्ने प्रयोजनको लागि straight engineering company limited लाई बिल भरपाई बेगर नै गो.भौ.नं. १४२/०७५/११/३० बाट रु.२,९८,३२०।- भुक्तानी भएको छ । अतः बिल भरपाई पेश हुनुपर्ने रु. | २९८३२० |
| | **धरौटीतर्फ** | |
| २२. | **कर समायोजन पत्र :** आर्थिक कार्यविधि नियमावलीको अनुसार धरौटी फिर्ता दिँदा मू.अ.कर समायोजन पत्र संलग्न हुनुपर्नेमा सो पत्र वेगर धरौटी फिर्ता दिएको देखिएकोले मू.अ.कर समायोजन पत्र संलग्न गरेर मात्र भुक्तानी दिनुपर्ने देखिन्छ । | |

| भौ.नं.मिति | फर्मको नाम | आर्थिक वर्ष | फिर्ता रकम |
|---|---|---|---|
| २/०७५/५/१९ | भगवती निर्माण सेवा | ०७२/७३ | ७७०११.१४ |
| ३/०७५/६/२ | निर्मल कन्स्ट्रक्सन क्लिन सर्भिसेज प्रा.लि | ०७३/७४ | १२९९८३.४९ |
| ५/०७५/६/१६ | डि.के कन्स्ट्रक्सन | - | १११७३७.३२ |
| ९/०७५/१०/२३ | भगवती निर्माण सेवा | - | ५३७६७ |
| १०/०७६/२/२ | शिवभक्ती देव कन्स्ट्रक्सन | - | २६८५२१.७१ |
| | | जम्मा | ६४१०२०.६६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय समानिकरण (पूँजीगततर्फ)** | |
| २३. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा एक्साभेटर, रोलर, डोजर जस्ता हेभी मेसिनहरु प्रयोग गर्न सकिने छैन । हेभी मेसिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरिनेछ । उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरिने उल्लेख गरेको छ । नगरपालिकाभित्र उपभोक्ता समितिबाट सञ्चालन भएको सडक योजनाहरुमा डोजर, एक्साभेटर जस्ता हेभी मेसिनहरुको प्रयोग गर्ने गरेकोले यस्तो हेभी मेसिन प्रयोग गर्नुपर्ने काम कार्यालयले प्रतिस्पर्धाबाट गराउनु उपयुक्त हुने देखिन्छ । | |
| २३.१. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा कार्यालयले उपभोक्ता समितिबाट निर्माण काम गराउन सो उपभोक्ता समिति वा लाभग्राही समुदायको गठन गरेको, उपभोक्ता समितिसंग निर्माण कामको सम्झौता, सम्पन्न कामको उपभोक्ता समितिको भेलाले अनुमोदन गरेको, सार्वजनिक परिक्षण गरेको, निर्माण कामको लागत अनुमान स्वीकृत गरी प्राविधिक कर्मचारीले मूल्याङ्कन गरेको खर्चको विल, भरपाई, खर्च प्रमाणित गर्ने अन्य कागजात समुदायको बैठकबाट अनुमोदन गराउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपभोक्ता समितिबाट सम्पन्न गरेको निर्माण कामको नियममा उल्लेख गरेको बमोजिमका उपरोक्त प्रमाण पेश गर्नुपर्नेमा सार्वजनिक परीक्षण, अनुगमन निरीक्षण प्रमाण आंशिक रुपमा मात्र तयार गरेको देखिएकोले यसतर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| २३.२. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्न सकिने उल्लेख गरेको छ । कार्यालयले सम्पन्न कामको प्राविधिक नाप जाँचको मूल्याङ्कन नापी किताबमा उल्लेख नगरी लुजसिटमा राख्ने गरेकोले नापी किताबमा राख्ने व्यवस्था मिलाउनु पर्ने देखियो । निर्माण सम्पन्न भएको कामको रनिङ बिलहरुको अद्यावधिक आईटम वाइज परिमाण उल्लेख गरी राख्नुपर्नेमा प्रत्येक रनिङ बिलको छुट्टाछुट्टै प्राविधिक मूल्याङ्कन गर्ने गरेकोले अन्तिम विलसम्म सम्पन्न भएको कामको जम्मा परिमाण यकिन गर्न नसकिएकोले यसतर्फ पनि सुधार हुनपर्दछ । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२३.३.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप-नियम १२ मा निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समदायलाई नै हस्तान्नतरण गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले उपभोक्ता समितिले सम्पन्न गरेको आयोजना नियम अनुसार उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । सम्पन्न काम उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको कारण भौ.नं.२८४ मिति २०७६।३।२४ बाट ठकुरी गाउँ खानेपानी व्यवस्थापनको मर्मत कार्य गर्न मात्र रु.१२,००,०००।- बजेट विनियोजन गरी खर्च गरेको देखियो ।</td><td></td></tr>
<tr><td>२४.</td><td>बीमा : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उप-नियम १ बमोजिम निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निमार्ण कार्यको कुनै खण्ड वा अंशमा हुने हानि नोक्सानी र उप-नियम ३ बमोजिम कुनै व्यक्तिलाई चोटपटक लागेमा वा निजको मृत्यु भएमा र कार्य सञ्चालनको सिलसिलामा कुनै सम्पत्तिमा भएको हानि नोक्सानी वा क्षतिको दायित्व वहन गर्न कार्यालयले ठेक्का पट्टाको जनरल आइटममा बीमा रकमको व्यवस्था गरेको छ । निर्माण व्यवसायीसंग ठेक्का सम्झौता भई निमार्णस्थल सुम्पिएको अवधिदेखि नै बीमाको व्यवस्था गर्नु गराउनु पर्नेमा निर्माण कार्य शुरु भएको महिनौं दिनपछि र सम्झौता अनुसार कार्यसम्पन्न गर्नुपर्ने अवधिभन्दा कम अवधिको बीमा गरेको प्रमाणबाट निर्माण व्यवसायीलाई भुक्तानी गरेको देखियो । निर्माण कार्यको हानि नोक्सानी क्षतिपूर्तिको लागि बीमा गराउनु पर्नेमा उद्देश्य अनुसार बीमा नभएको कारण सम्झौता अनुसार रकम भुक्तानीको लागि मात्र बीमा गर्ने गरेको देखियो । यस्तो खर्च असुल गर्नुपर्ने देखिएको रु. ---
<table>
<tr><th>भौ न मिति</th><th>निर्माण व्यवसायी</th><th>निर्माण कार्यको नाम</th><th>सम्झौता अवधि</th><th>बीमा गरेको अवधी</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>५।०७५।५।२७</td><td>पि एस के नि से</td><td>कर्मचारी आवास भवन</td><td>२०७५।२।१ देखि २०७५।५।१५ सम्म</td><td>२०७५।५।१२ देखि २०७५।८।११ सम्म</td><td>१५३१३।</td></tr>
</table></td><td>१५३१३</td></tr>
<tr><td>२५.</td><td>निजी प्रयोगको खर्च : विभिन्न खानेपानी आयोजनामा उपभोक्ता समितिले सम्पन्न गरेको निर्माण कामको प्राविधिक मूल्याङ्कनमा उपभोक्ताको निजी प्रयोजनको लागि खरिद भएका पानी मिटर, धाराको टुटी आदि समेत उपभोक्ताबाट खरिद गरेकोमा सोको भुक्तानीको लागि प्राविधिकबाट मूल्याङ्कन गरी कार्यालयबाट खर्च गरेकोले यस्तो निजी प्रयोजनको लागि खरिद सामानको कार्यालयले खर्च लेख्न मिल्ने नदेखिएको रु. ---
<table>
<tr><th>भौ न मिति</th><th>आयोजनाको नाम</th><th>खरिद सामान</th><th>परिमाण</th><th>मूल्य</th><th>खर्च रकम</th></tr>
<tr><td rowspan="2">२८।०७५।६।२९</td><td rowspan="2">दुलालथोक डिपबोरिङ्ग खा पा</td><td>पानी मिटर</td><td>१६५ थान</td><td>१३००।</td><td>२१४५००।</td></tr>
<tr><td>धारा टुटी</td><td>१६५ थान</td><td>५००।</td><td>८२५००।</td></tr>
<tr><td>१९३।०७६।२।२१</td><td>ठाँटी खा पा व्यवस्थापन</td><td>पानी मिटर</td><td>८४ थान</td><td>१३००।</td><td>१०९२००।</td></tr>
<tr><td>२७२।०७६।३।१२</td><td>झिगनपुर पिपलटार खा पा व्य.</td><td>पानी मिटर</td><td>३२० थान</td><td>१३००।</td><td>४१६०००।</td></tr>
<tr><td>२६६।०७६।३।२३</td><td>लाम्डी खा पा व्यवस्थापन</td><td>पानी मिटर</td><td>२०० थान</td><td>१४६९।</td><td>२९३८००।</td></tr>
<tr><td>२८९।०७६।३।२५</td><td>सौरबोट र्याले डिपबोरिङ्ग</td><td>पानी मिटर</td><td>१६८ थान</td><td>१४६९।</td><td>२४६७९२।</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१३६२७९२।</td></tr>
</table></td><td>१३६२७९२।</td></tr>
<tr><td>२६.</td><td>म्याद थप : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५६ मा खरीद सम्झौताको काबू बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सक्ने व्यवस्था गरेको छ । त्यस्तै सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२० मा निर्माण व्यवसायीको म्याद थपको निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम समयमै सम्पन्न गर्न भर मग्दुर प्रयास गरेको थियो वा थिएन, काबुबाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको हो वा होइन भन्ने कुरामा जाँचबुझ गर्दा निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा नियम अनुसार म्याद थप गर्न सकिने व्यवस्था गरेको छ । नगरपालिकाले विभिन्न निर्माण कामको निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार कार्यसम्पन्न नगरेको कारण पटक पटक स्पष्टीकरण माग गर्दा पनि सम्झौता अवधिभित्र कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई नियमानुसार कारबाही गर्नुपर्नेमा सो नगरी निर्माण व्यवसायीको सुविधा हुने</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरी म्याद थप दिएको देखियो ।
<table>
<tr><th>निर्माण व्यवसायी</th><th>निर्माण काम</th><th>सम्झौता रकम</th><th>सम्पन्न रकम</th><th>सम्झौता मिति</th><th>म्याद थप पछि सम्पन्न</th></tr>
<tr><td>एस एम आर । ई जि जेभी</td><td>वडा नं ७ कार्यालय भवन</td><td>१५८५६६०।६८</td><td>१५७३३९१।</td><td>२०७४।८।१२ देखि २०७५।३।२० सम्म</td><td>२०७६।३।१५</td></tr>
<tr><td>एस एम आर । ई जि जेभी</td><td>वडा नं २ कार्यालय भवन</td><td>१६००१२७।</td><td>१५७९३८०।</td><td>२०७४।८।१२ देखि २०७५।३।२० सम्म</td><td>२०७६।३।१५</td></tr>
<tr><td>एस एम आर । ई जि जेभी</td><td>वडा नं ५ कार्यालय भवन</td><td>१५६९२३२।</td><td>१६८३८११।</td><td>२०७४।८।१२ देखि २०७५।३।२० सम्म</td><td>२०७६।३।१५</td></tr>
<tr><td>एस एम आर । ई जि जेभी</td><td>कार्यालय भवन तला थप</td><td>१०४५९६४३।</td><td>१०२२५४७४।</td><td>२०७४।१०।२ देखि २०७५।३।२० सम्म</td><td>२०७६।३।१५</td></tr>
<tr><td>एस एम आर । ई जि जेभी</td><td>वडा नं १० कार्यालय भवन</td><td>१५८७८६७४२</td><td>१५८०४५६।</td><td>२०७४।८।१२ देखि २०७५।३।२० सम्म</td><td>२०७६।३।१५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.१.</td><td>निर्माण व्यवसायी एस.एम.आर./ई.जी.जेभीसंग वडा कार्यालयको भवनहरु निर्माण गर्न २०७४।८।१२ को सम्झौता अनुसार २०७५।३।२० भित्र कार्यसम्पन्न गर्नुपर्नेमा कार्य सन्तोषजनक नभएको भनी २०७४।११।२३ र २०७४।१२।२७ मा पत्र लेखेको छ । मिति २०७५।३।४ मा निर्माण कार्य शुरु नगरिएको बारेमा स्पष्टीकरण माग गरेकोमा निर्माण व्यवसायीले तिन महिनाभित्र कार्यसम्पन्न गर्ने २०७५।३।५ मा प्रतिबद्धता जाहेर गरेको भए तापनि सो अवधिभित्र पनि कार्यसम्पन्न नगरेकोमा नियम अनुसार कारवाही गर्नुपर्नेमा कार्यालयले पूर्वनिर्धारित क्षतिपूर्ति हर्जना नलाग्ने गरी २०७६।३।१५ सम्म म्याद थप गरेको देखियो ।</td><td></td></tr>
<tr><td>२७.</td><td>बढी भुक्तानी : कार्यालय भवन तला थपको निर्माण व्यवसायी एस एम आर । ई जि जेभीसंग भएको सम्झौता अनुसार अन्तिम विलसम्मको प्राविधिक मूल्यांकन रु.१,०२,२५,४७४।४९ मा अघिल्लो विलको रु.६०,३६,१८६।९५ कट्टा गरी भौ.नं.३५४।२०७६।३।३१ बाट रु.४१,८९,२८७।५४ भुक्तानी गरेको छ । कार्यालय भवनको निर्माण व्यवसायीबाट पेश गरेको चौथो रनिङ विलसम्म प्राविधिक मूल्याङ्कन रु.६०,४९,१७६।९७ भएको उल्लेख गरी भुक्तानी भएको छ । अन्तिम विलमा अघिल्लो विलसम्म भुक्तानी भएको रकम घटाउनु पर्नेमा रु.६०,३६,१८६।९५ घटाई बांकी रकम भुक्तानी गरेकोले रु.१२,९९०।- निर्माण व्यवसायीलाई बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु. ---</td><td>१२९९०</td></tr>
<tr><td>२७.१.</td><td>कार्यालय भवन तल थपको निर्माण व्यवसायी एस एम आर । ई जि जेभीलाई अन्तिम विलको रु.४१,८९,२९६।- भुक्तानी गरेकोमा निर्माण व्यवसायीले रु.४१,८६,७९७- को मात्र कर वीजक पेश गरेकोले कर वीजक विलभन्दा रु.२,४९९।- बढी भुक्तानी गरेको रु. ---</td><td>२४९९</td></tr>
<tr><td>२७.२.</td><td>जनरल आइटमको एक मा राखेको एजविल्ड ड्रईङ्ग बापत रु.६,६५०।- र वीमा बापत रु.१,००,०००।- निर्माण व्यवसायीलाई भुक्तानी गरेकोमा निर्माण व्यवसायीले एजविल्ड ड्रईङ्ग र बीमा गरेको प्रमाण पेश नगरेकोले कार्यसम्पन्न गरेको प्रमाण कागजात वेगर भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु. ---</td><td>१०६६५०</td></tr>
<tr><td>२७.३.</td><td>ठाँटी खानेपानी व्यवस्थापन उपभोक्ता समितिलाई निर्माण कार्यको रनिङ विलको भुक्तानी गर्दा प्राविधिक मूल्याङ्कनभन्दा निम्न रनिङ विलमा बढी बजेट खर्च देखाई निम्नानुसार बढी भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु. ---
<table>
<tr><th>भौ न मिति</th><th>रनिङ विलको</th><th>प्राविधिक मूल्यांकन अनुसार खर्च लेख्नुपर्ने रकम</th><th>खर्च लेखेको रकम</th><th>बढी खर्च गरेको रकम</th></tr>
<tr><td>७८/०७५/११/५</td><td>पहिलो</td><td>८५४०४५/८०</td><td>८९०६३१/०४</td><td>३६५८५/२४</td></tr>
<tr><td>१३३/०७५/१२/२६</td><td>दोस्रो</td><td>२६६८६३६/६३</td><td>२७७९८२८/</td><td>१११९१/३७</td></tr>
<tr><td>१९३/०७६/२/२१</td><td>अन्तिम</td><td>२९८५८३/०८</td><td>३११५६४/</td><td>१२९८०/९२</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१६०७५७/५३</td></tr>
</table></td><td>१६०७५७/५३</td></tr>
<tr><td>२८.</td><td>फरक दर : तेर्स्रे कुलो सिंचाई जल उपभोक्ता समितिलाई कुलो निर्माण बापत प्राविधिक मूल्याङ्कन रु.१२,५०,२७५।९९ मा जनश्रमदानको अंश कट्टा गरी भौ.नं.१५९ मिति २०७६।१।२२ बाट रु.१०,५६,०००।- भुक्तानी गरेको छ । कार्यालयले सिंचाई कुलो निर्माणको लागत अनुमान बनाउँदा मितव्ययी तथा उपयुक्त हुने गरी तयार गरेको दर विश्लेषणको आधार लिनुपर्नेमा कार्यालयले सिंचाई कुलोको जग खन्ने र ढुङ्गा सोलिङ्गको लागि सडकको दररेटबाट र पी.सी.सी., डण्डीमा भवनको लागि तयार गरेको दररेटबाट लागत अनुमान तयार गरेको देखियो । निर्माण काममा एकरुपता ल्याउन एकै किसिमको दररेट प्रयोग गर्नुपर्नेमा फरक फरक दररेट प्रयोग गरी कार्य गराएले यस सम्बन्धमा कार्यालयले ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>आईटम वाईज काम</th><th>कामको परिमाण</th><th>भुक्तानी गरेका दर</th><th>निर्माणको दर</th></tr>
<tr><td>माटोमा जग खन्ने काम</td><td>११६.६९ घ मी</td><td>४२६।४२ सडक निर्माणको दर</td><td>४९७।४९ भवन निर्माणको दर</td></tr>
<tr><td>ढुङ्गा सोलिङ्गको काम</td><td>३१.८८ घ मी</td><td>४१८५।१३ स्पष्ट नभएको दर</td><td>३५२७।३४ सडक निर्माणको दर</td></tr>
<tr><td>१:२:४ पि सि सि ढलान</td><td>४२.९४घ मी</td><td>१६६५८।०२ भवन निर्माणको दर</td><td>१५३५४।२३ सडक निर्माणको दर</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table><tr><td>डण्डी</td><td>१४७९.४३ के जी</td><td>१२३।२३ „</td><td>११८।५१ „</td></tr></table></td><td></td></tr>
<tr><td>२८.१.</td><td>ढुङ्गा सोलिङ्गको लागि सडक निर्माणमा प्रयोग हुने दर रु.३,५२७।३४ बाट इष्टिमेट गरी भुक्तानी गर्नुपर्नेमा कामको विवरणमा उल्लेख नगरेको दर रु.४,१८५।१३ ले आइटमवाईज लागत गरी भुक्तानी गरेकोले प्रति घ.मी. रु.६५७।७९ दरले रु.२०,९७०।- बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. ---</td><td>२०९७०/</td></tr>
<tr><td>२९.</td><td>खरिद माग : झिगनपुर पिपलटार खानेपानी व्यवस्थापनको लागि उपभोक्ता समितिको अन्तिम विलको प्राविधिक मूल्याङ्कन रु.१३,५८,१०६।०६ मा जनश्रमदानको अंश कट्टा गरी भौ.न.२७२ मिति २०७६।३।२४ बाट रु.११,७६,७६१।- भुक्तानी गरेको छ । सो खर्चबाट समरसिवल पम्प, कन्ट्रोल प्यानल, पानी मिटर खरिद, केही फिटीङ्ग खरिद र डी.पी.आर. तयार गरेको देखियो । आयोजनाको लागि आवश्यक निर्माण सामग्रीहरु कार्यालयबाट नै सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था गरेको प्रकिया अनुसार खरिद गर्नुपर्नेमा उपभोक्ता समितिले खरिद विल भरपाईको आधारमा खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>खानेपानी योजना : लाम्डी खानेपानी व्यवस्थापन उपभोक्ता समितिबाट सम्पन्न कामको प्राविधिकबाट भएको मूल्याङ्कन रु.३६,३३,०८६।२४ मा जनश्रमदानको अंश कट्टा गरी भौ.नं २६६ मिति २०७६।३।२३ रु.३०,७२,०००।- भुक्तानी गरेकोमा देखिएको व्यहोरो निम्न छ :</td><td></td></tr>
<tr><td>३०.१.</td><td>यस योजनाको लागि रु.२०,००,०००।- बजेट विनियोजन भएकोमा आन्तरिक स्रोततर्फ दमकल खरिदमा बचत भएको रु.१२,००,०००।- समेत २०७६।२।६ मा भएको कार्यपालिकाको बठैकबाट निर्णय गरी यस योजनामा थप गरेकोले रु.३६,३३,०८६।- लागत अनुमानमा निर्माण कामसम्पन्न भएको देखियो । उपभोक्ता समितिले विभिन्न साईजको ११३८५ मिटर पोलिथिन पाईप खरिद गरेकोमध्ये ८०० मिटर मात्र पाईप लाइन जडानको लागि खन्ने पुर्ने गरेको र ३,४६५ मिटर पाईप जडान गरेको प्राविधिकबाट नापजाँच गरेको नापी विवरणमा उल्लेख गरेको छ । तसर्थ पाईप खरिद, पाईप लाईनको लागि ट्रेन्च खन्ने पुर्ने परिमाण र पाईप जडान परिमाण एक आपसमा भिडान नभएकोले यसको वास्तविकता एकिन गर्न सकिएन । खरिद पाईपमध्ये जडान गरेको भनिएको परिमाण घटाउँदा बाँकी ७,९२० मिटर पाईपको अवस्था यकिन गर्न जिन्सी आम्दानी बाँधेको जिन्सी प्रमाण पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>कर दाखिला : आयकर ऐन, २०५८ को दफा ८९(३क) मा उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानी रकममा एक दशमलब पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने छ भनी उल्लेख गरेकोमा कार्यालयले निम्न उपभोक्ता समितिसंग निम्नानुसार पचास लाखभन्दा बढीको सम्झौता गरी भुक्तानी गरकोमा नियम अनुसार १.५ प्रतिशत कर कट्टी गरेको नदेखिएको रु. ---
<table>
<tr><th>सि न</th><th>योजनाको नाम</th><th>सम्झौता रकम</th><th>भुक्तानी रकम</th><th>कर कट्टी रकम</th><th>नपुग कर रकम</th></tr>
<tr><td>१</td><td>सुनकोशी कोशी देखा खा पा आयोजना</td><td>८३५९५१८।२३७</td><td>६९९१६७१।८९</td><td></td><td>१०४८७५।</td></tr>
<tr><td>२</td><td>सौरबोट र्याले डिपबोरिङ्ग खा पा आ</td><td>७४३५४५४।</td><td>६४६२३५३।</td><td></td><td>९६९३५।</td></tr>
<tr><td>३</td><td>डुमकाटे सिंचाई पोखरी निर्माण</td><td>.७५००४०८।</td><td>६७६०३३०।</td><td>२२३५०</td><td>७९०५४।</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२८०८६४।</td></tr>
</table></td><td>२८०८६४</td></tr>
<tr><td>३२.</td><td>भरिएशन : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ भेरिएसन आदेश जारी गर्न सक्नेछ भनी उल्लेख गरेको छ । निम्न आयोजनामा उपभोक्ता समितिले सम्झौताभन्दा कम परिमाण कार्य सम्पन्न गरेको अवस्थामा पनि कार्यालयले मूल्याङ्कन गरी फरफारक गरेको छ । नियम अनुसार निर्माण काम घटी बढी हुनुको प्राविधिक कारण सहित स्वीकृत गरेको नदेखिकोले यसतर्फ कार्यालयको ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>गो भ न मिति</th><th>आयोजनाको नाम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>कार्य भएको प्रतिशत</th></tr>
<tr><td>३४०।०७६।३।३१</td><td>सुनकोशी कोशी देखा खा पा आ.</td><td>८३५९५१८।२७</td><td>७३८०३९२.४८</td><td>८८.२८</td></tr>
<tr><td>३२५।०७६।३।३०</td><td>वडा नं २ खानेपानी व्यवस्थापन</td><td>४३७४०५६।</td><td>३९२३२५१.</td><td>८९.६९</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३.</td><td>धरौटी कट्टी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्झौता अनुसारको भुक्तानी गर्दा रिटेन्सन मनी बापत विल रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने उल्लेख गरेको छ । नगरपालिका र अन्तर्गत वडा कार्यालयहरुमा सोलर बत्ती जडान गर्न सनसाइन इनर्जी प्रा.लि.संग भएको सम्झौता अनुसार कार्यसम्पन्न कामको प्राविधिक मूल्याङ्कन</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अनुसार भौ.नं.२७६ मिति २०७६।३।२४ बाट रु.२१,४१,१००।- भुक्तानी गरेकोमा नियम अनुसार पाँच प्रतिशत धरौटी कट्टा नगरी पुरै रकम भुक्तानी गरेको छ । | |
| ३३.१. | **मूल्य अभिबृद्धि कर :** आर्थिक विधेयक, २०७६ ले मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा गरेको संशोधनको व्यवस्था साथै मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको एक्काइसौं संशोधन अनुसार मूल्य अभिवृद्धि कर समेतको रकम भुक्तानी गर्दा ५० प्रतिशत मूल्य अभिवृद्धि कर वापतको रकम कार्यालयले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस नगरपालिकाले सनसाईन इनर्जी प्रा.लि.लाई सोलर जडान बापतको विल भुक्तानी गर्दा मूल्य अभिबृद्धि कर रु.१,५५,५७३।८० को ५० प्रतिशत हुने रु.७७,७८६।९० नियम अनुसार कट्टा नगरी पुरै भुक्तानी गरेको नियमसम्मत् नदेखिएको रु. --- | ७७७८६/९० |
| ३४. | **कार्यसम्पन्न** : वडा नं.२ खानेपानी व्यवस्थापनको लागि उपभोक्ता समितिले सम्पन्न गरेको कामको प्राविधिक मूल्याङ्कनबाट कायम भएको रु.३९,२३,२५१।- मा जनश्रमदानको अंश कट्टा गरी समितिलाई रु.३४,७५,०४७।- भुक्तानी गरेको छ । उपभोक्ता समितिले सम्पन्न गरेको कामको चार रनिङ्ग विलसम्म पेश गरेकोमा प्रत्येक विलमा अध्यावधिक भएको कामको परिमाण उल्लेख नगरी रनिङ्ग विलको मात्र मूल्याङ्कन गर्ने गरेको छ । प्राविधिकबाट नापजाँच सहितको नापी किताब राख्नुपर्नेमा नापीको विवरण लुज सिटमा राख्ने गरेको छ । सम्झौता बमोजिम सम्पन्न कामको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा सो समेत तयार गरेको छैन तसर्थ कार्यालयले राख्नुपर्ने अभिलेख तथा विवरण राख्ने व्यवस्था गरी काम अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |
| ३५. | **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्नेछ भनी उल्लेख गरेको छ । जनता आर्दश खानेपानी योजनाको लागि सम्मर सिबल पम्प २ थान र कन्ट्रोल बोर्ड २ थान खरिद गर्न ८ लाख बजेट व्यवस्था भएकोमा सो सामान खरिद गर्न नियममा व्यवस्था भएबमोजिम सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्नेमा सो नगरी उपभोक्ता समितिले ३ आपूर्तिकर्ताबाट दररेट लिई सबभन्दा कम दर पेश गर्ने वाटर इन्जिनियरिङ प्रा.लि.बाट खरिद गरेको प्राविधिक मूल्याङ्कन रु.७,६८,०००।- उपभोक्ता समितिलाई भुक्तानी गरेकोले सो सामानको गुणस्तर तथा मूल्य यकिन गर्ने आधार भएन । | |
| | **आन्तरिक स्रोत पूँजीगततर्फ** | |
| ३६. | **बढी भुक्तानी** - डुमकोट सिंचाई पोखरी निर्माणको लागि ७१,००,०००।- को बजेट व्यवस्था भएबमोजिम उपभोक्ता समितिबाट सम्पन्न कामको प्राविधिक मूल्याङ्कन अनुसार जनश्रमदानको अंश कट्टा गरी कन्टेन्जेन्सी समेत रु.७०,२०,०००।- खर्च गरेको देखियो । योजनाको पहिलो रनिङ विलको प्राविधिक मूल्याङ्कन रु.१६,२८,६५०।९० मा जनश्रमदानको अंश रु.१,६९,३७२।२९ कट्टा गरी रु.१४,५९,२७८।६१ उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा रु.१५,६७,८४७।६२ भुक्तानी गरेकोले रु.१,०८,५६९।- बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु. --- | १०८५६९ |
| ३७. | **जलढुङ्गे सर्वमंगला सडक कालोपत्रे :** जलढुङ्गे सर्वमंगला सडक कालोपत्रे वडा नं.३ को लागि रु.५२,३६,६६१।३२ को लागतमा सिलबन्दी बोलपत्रबाट भगवती निर्माण सेवासंग रु.५१,६३,७८७।५८ ठेक्का सम्झौता भएको छ । मिति २०७५।१२।१० को सम्झौता अनुसार २०७६।३।१० भित्र कार्यसम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले पेश गरेको २०७६।२।२१ को विल अनुसार रु.५१,१०,६९५।९२ कार्यसम्पन्न गरी भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन : | |
| ३७.१. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भएबमोजिम प्रत्येक रनिङ बिलबाट कट्टा गर्नुपर्नेमा कार्यालयले यस निर्माण व्यवसायीलाई दिएको पेश्की रु.९,००,०००।- अन्तिम विलमा मात्र कट्टा गरी हिसाब मिलान गरेकोले नियम अनुसार रनिङ बिलमा कट्टा गर्ने व्यवस्था गरी सुधार हुनुपर्दछ । | |
| ३७.२. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेमा निर्माण व्यवसायीले सम्पन्न गरेको कामको नियम अनुसार कार्य स्वीकार प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३७.३.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण व्यवसायीले निर्माण कार्यको बीमा गराउनु पर्ने व्यवस्था गरेको छ । निर्माण व्यवसायीसंग २०७५।१२।१० मा भएको सम्झौता अनुसार २०७६।३।१० भित्र कार्यसम्पन्न गर्नुपर्ने उल्लेख गरेकोले ठेक्का सम्झौता भई निमार्णस्थल सुम्पिएको अवधिदेखि नै बीमा गराउनु पर्नेमा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गरी सकेपछि २०७६।२।२९ देखि २०७६।३।७ सम्म अवधि भएको निर्माण कामको र २०७७।२।२९ सम्म अवधि भएको कामदारको बीमा गरेको प्रमाण पेश गरेकोले विलको आधारमा बीमाको रु.२६,३२९।५६ भुक्तानी गरेकोले निर्माण कार्यसम्पन्न भई सकेपछि बीमा गराएको खर्च असुल गर्नुपर्ने रु. ---</td><td>२६३२९/५६</td></tr>
<tr><td>३७.४.</td><td>ठेक्का पट्टाको जनरल आइटममा रहेको ल्यावटेष्ट र बीमाको रु.६६,०००।- निर्माण व्यवसायीलाई भुक्तानी गरेकोमा रु.४१,३३०।- को मात्र विल भरपाई पेश भएकोले बढी भुक्तानी भएको रु.२४,६७०।- निजले पेश्की फछ्यौट गर्दा बढी दाखिला भएको रु.२२,२३९।- कट्टा गर्दा पनि नपुग भएको रु.२,४३१।- असुल गर्नुपर्ने रु. ---</td><td>२४३१</td></tr>
<tr><td></td><td>गरीबसँग विश्वेश्वर</td><td></td></tr>
<tr><td>३८.</td><td>कार्यसम्पन्न नभएको : देवभूमि ओजेटार सेरा खानेपानी योजनाको लागत अनुमान रु.५२,७२,६५६।- रही रु.४९,९३,०४७।- नगरपालिकाबाट र रु.२,९७,६०९।- (५.३) मात्र उपभोक्ता समितिबाट व्यहोर्ने र २०७६।३।१५ सम्ममा काम सम्पन्न गर्ने गरी २०७६।२।३० मा कार्यादेश दिएको छ । हालसम्मको कामको मूल्याङ्कन रु.४९,२१,५९६।- भई यस शीर्षकबाट रु.१८,००,०००।- र वित्तीय समानिकरणबाट रु.२८,७०,५०९।- समेत रु.४६,७०,५०९।- खर्च भएको छ । निर्माण कार्यको म्याद समाप्त भए तापनि कार्यसम्पन्न भएको छैन ।</td><td></td></tr>
<tr><td>३९.</td><td>मौरी घार खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(क) बमोजिम रु.५ लाखसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ । साथै सोही नियमको १(ख) बमोजिम पटक पटक वा एकै पटक गरी एक आर्थिक वर्षमा ५ लाखभन्दा बढीको खरिद एउटै आपूर्तिकर्ताबाट गर्न नसकिने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको मौरीको घार पटक पटक गरी खरिद गरेको पाइयो । उक्त मौरी घारको उपयोग सम्बन्धमा अनुगमन गरी यर्थाथता यकिन गर्नुपर्ने देखिएको छ ।
<table>
<tr><th>आपुर्तिकर्ताको नाम</th><th>मौरी घार संख्या</th><th>खरिद रकम</th></tr>
<tr><td>कृष्ण फर्निचर तथा स.मिल</td><td>२७</td><td>३५१०००</td></tr>
<tr><td>सिताराम फर्निचर तथा मौरीघार</td><td>३८</td><td>४९४०००</td></tr>
<tr><td>घिसिङ्ग मौरी सामाग्री उद्योग</td><td>३८</td><td>४९४०००</td></tr>
<tr><td>कृष्ण फर्निचर तथा स.मिल</td><td>३८</td><td>४९४०००</td></tr>
<tr><td>सिताराम फर्निचर तथा मौरिघार</td><td>२७</td><td>३५१०००</td></tr>
<tr><td>अन्जना काष्ठ उद्योग</td><td>३८</td><td>४९४०००</td></tr>
<tr><td>राम काष्ठ फर्निचर तथा स.मिल उद्योग</td><td>३८</td><td>४९४०००</td></tr>
<tr><td>जम्मा</td><td>२४४</td><td>३१७२०००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>वित्तीय समानीकरण पूँजीगत</td><td></td></tr>
<tr><td>४०.</td><td>बीमा : सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा १० लाख रुपैयाँभन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्य, निर्माण सामग्री, मेसिन औजार, कर्मचारी एवं कामदारको समेत बीमा गराउनुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले देहाय अनुसारको ठेक्कामा बीमाको प्रावधान भए तापनि बीमा नै नगरी योजना कार्यान्वयन गरेको पाइयो । बीमा नगराइ कार्य गरेकोले जोखिम व्यवस्थापन र कानूनको पालनातर्फ ध्यान दिएको पाइएन । यसमा सुधार हुनुपर्दछ ।
<table>
<tr><th>कार्यक्रम</th><th>निर्माण व्यवसायीको नाम</th><th>बीमाको रकम</th><th>ठेक्का रकम</th><th>खर्च रकम</th></tr>
<tr><td>नयाँबाटो चिसापानी सडक</td><td>सुगम इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन</td><td>५००००</td><td>१४०७०२१०</td><td>३००७५९०</td></tr>
<tr><td>समाजकल्याण कनैकोट पर्यटन मार्ग</td><td></td><td>५००००</td><td>१३७९३२०५</td><td>२८८१६७०</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४१. | **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११३ मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार फछ्र्यौट गर्न बाँकी पेश्की देखिएकोले उक्त नियम अनुसार असुल फछ्र्यौट गर्नुपर्ने रु. | २५०००० |

| सि.नं | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|
| २ | प्राथमिक स्वास्थ्य केन्द्र पाँचखाल | २००००० |
| २ | कोटदेवी मौला पुजा | ५०००० |
| | जम्मा | २५०००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४२. | **बेरुजू तथा सम्परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम, कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । नगरपालिकाले गत वर्षसम्मको बेरुजूको अद्यावधिक स्थिति सम्बन्धी विवरण उपलब्ध गराएको छैन । बेरुजूको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजू फछ्र्यौट गर्नुपर्दछ । अद्यावधिक वेरुजूको विवरण पेश नगरे तापनि कार्यालयले गत वर्षसम्मको बेरुजूमध्ये निम्नानुसार रु.७६,७९,२२८/०८ फछ्र्यौट गरी लेखापरीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोध गरेकोमा सम्परीक्षण भएको छ । | |

| आर्थिक वर्ष | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | बेरुजु रकम | फछ्र्यौट गरिएको आधार र व्यहोरा | समपरिक्षणको लागि पेश गरिएको रकम | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|---|---|
| ०७३/७४ | २९ | सामाजिक सुरक्षा भत्ता असुल | ४४८०० | असुली | ४४८०० | ४४८०० |
| ०७३/७४ | १३ | प्रेरणा ग्रुप पि जि अटो मोवाइल्स असुल | २९४५.५८ | असुली | २९४५.५८ | २९४५.५८ |
| ०७३/७४ | ३३ | पवन सापकोटा पेश्की | १५०००० | बिल भरपाइ प्राप्त | १५०००० | १५०००० |
| ०७३/७४ | १७ | डि के कन्स्ट्रक्सन असुल | १८०१६.८९ | असुली | १८०१६.८९ | १८०१६.८९ |
| ०७३/७४ | १९ | स्थानीय निकाय शसर्त अनुदान फ्रिज नगरेको | ३१०५१००.६१ | कोलेनिका जम्मा गरेको | ३१०५१००.६१ | ३१०५१००.६१ |
| ०७३/७४ | २८ | सामाजिक सुरक्षा पेश्की पवन सापकोटा | ३४४००० | जि.स.स को २०७६/९/११ को पत्र र गो.भौ.नं.११/०७४/३/१५ | ३४४००० | ३४४००० |
| ०७३/७४ | | सामाजिक सुरक्षा पेश्की अनिता तिमल्सिना | २६४००० | | २६४००० | २६४००० |
| ०७३/७४ | | सामाजिक सुरक्षा पेश्की निर्मला ढुंगाना | ४०८००० | | ४०८००० | ४०८००० |
| ०७३/७४ | | सामाजिक सुरक्षा पेश्की मोहन खरेल | ६६८००० | | ६६८००० | ६६८००० |
| ०७३/७४ | | सामाजिक सुरक्षा पेश्की इन्द्रमाया दनुवार | ३४४००० | | ३४४००० | ३४४००० |
| ०७३/७४ | उल्लेख नभएको | बालबालिका केन्द्रवेशीटोल पेश्की साइली तामाङ | १६००० | भौ.नं.१/०७६/९/१६ बिल भरपाइ | १६००० | १६००० |
| ०७४/७५ | २९ | पाँचखाल स्वास्थ्य केन्द्र पेश्की | ३००००० | बिल भरपाई प्राप्त | ३००००० | ३००००० |
| ०७४/७५ | २९ | इजि विल्डर्स पेश्की | ३८५३५५ | बिल भरपाई प्राप्त | ५२५६५५ | ५२५६५५ |
| ०७४/७५ | २९ | एस.एम आर.इजी विल्डर्स पेश्की | ११६८०२० | बिल भरपाइ प्राप्त | ११६८०२० | ११६८०२० |
| ०७४/७५ | २९ | पि.एस.के निर्माण सेवा पेश्की | २३१६०० | बिल भरपाइ प्राप्त | २३१६०० | २३१६०० |
| ०७४/७५ | १९ | एम.एम.आर.ई.जे.भि | ६४२१७ | राजस्व भौचर प्राप्त | ६४२१७ | ६४२१७ |
| ०७४/७५ | २८ | मजदुर गलैचा लघुउद्यम लाई बढि भुक्तानी | १००००० | बैंक दाखिला भौचर प्राप्त | १००००० | १००००० |
| ०७४/७५ | २८ | भत्ता कर कट्टी असुली | ४४९०३ | असुली | ४४९०३ | ४४९०३ |
| ०७४/७५ | २८ | दलित शौचाय निर्माण | ११८७५ | बैंक भौचर प्राप्त | ११८७५ | ११८७५ |
| ०७४/७५ | २८ | भि.इ.पि.निर्माण | ७००० | बैंक भौचर प्राप्त | ७००० | ७००० |
| ०७४/७५ | १५ | भत्ता कर कट्टी असुली | १३९५ | असुली | १३९५ | १३९५ |
| | | जम्मा | ७६७९२२८.०८ | | ७८१९५२८.०९ | ७८७९२२८.०८ |

**अनुसूची- १**

# पाँचखाल नगरपालिकाको सञ्चित कोष विवरण

**२०७५/७६**

**प्रदेश :- बाग्मती**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | पाँचखाल नगरपालिका | काभ्रेपलाञ्चोक | ८८९०६ | १२७७०८ | ३१५१९६ | १६६९३० | ६०९८३४ | ३३२६१५ | २६६५९८ | ५३९९० | ६५३२०३ | ४५५३७ |

**अनुसूची– २**

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**आर्थिक वर्ष २०७५/७६**

(रु.हजारमा)

| सिन. | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात | राजस्व लगत | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १ | .पाँचखाल नगरपालिका | काभ्रपलाञ्चोक | ४५ | २४ | ३६२१० | ० | ३ | १०८७ | ४५ | २१ | ३५१२३ | २०१४८ | ११८९९ | २८२६ | ० | ० | १४७२५ | ० | २५० | २५० |

**अनुसूची-३**

## अद्यावधिक वेरुजू स्थिति

**(रु. हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | पाँचखाल नगरपालिका | काभ्रेपलाञ्चोक | ३७१९४ | ७६७९ | २९५१५ | ० | ३५१२३ | ६४६३८ |